अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०३।१२ गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा ।

बारा जिल्ला प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी, बाराका योजना शाखाका खरिदार बिनोद यादबले ऐ.वडा नं.६ को नाला निर्माण कार्य वापतको बिल बमोजिमको रकम सेवाग्राहीलाई भुक्तानी गर्नका लागि प्रकृया अगाडी बढाउन बिभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिई गएको टोलीले निज खरिदार बिनोद यादबले घुस रकम लिन पठाएको व्यक्ति आसपुरन कुश्वाहालाई सेवाग्राहीसँग रु.१५,०००।—(अक्षरुपी पन्ध्र हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित निज आसपुरन कुश्वाहालाई उक्त गाउँपालिकाको कार्यालय परिसरबाट रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता